# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७५/७६ को वार्षिक तथ्याङ्कमा आधारित)*

**प्रमुख झलक**

- *आर्थिक वर्ष २०७५/७६ मा आर्थिक वृद्धि ७.१ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ।*
- *वार्षिक औसत मुद्रास्फीति ४.६ प्रतिशत रहेको छ।*
- *आयातको वृद्धिदर १३.९ प्रतिशत र निर्यातको वृद्धिदर १९.४ प्रतिशत रहेको छ। अघिल्लो वर्ष आयातको वृद्धिदर २५.८ प्रतिशत र निर्यातको वृद्धिदर ११.४ प्रतिशत रहेको थियो।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १६.५ प्रतिशत र अमेरिकी डलरमा ७.८ प्रतिशतले बढेको छ।*
- *शोधनान्तर स्थिति रु.६७ अर्ब ४० करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.९६ करोडले बचतमा रहेको थियो।*
- *कुल विदेशी विनिमय सञ्चिति रु.१०३८ अर्ब ९२ करोड कायम भएको छ। उक्त सञ्चिति ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ। अघिल्लो वर्ष उक्त सञ्चिति रु.११०२ अर्ब ५९करोड रहेको थियो।*
- *आर्थिक वर्ष २०७५/७६ मा सरकारको बैंकिङ्ग कारोवारमा आधारित खर्च रु. १०६७ अर्ब ६७ करोड (२०७६ भाद्र १६ मा प्राप्त पछिल्लो अद्यावधिक तथ्यांक अनुसार) र राजस्व संकलन रु.८६५ अर्ब ५५ करोड रहेको छ।*
- *बार्षिक विन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १५.८ प्रतिशतले बढेको छ।*
- *बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप संकलन १८.० प्रतिशतले र निजी क्षेत्रतर्फको कर्जा १९.४ प्रतिशतले बढेको छ।*
- *२०७६ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुमा रहेको चुक्ता पुँजी रु.३०५ अर्ब ९० करोड, कुल निक्षेप रु.३२ खर्ब ३५ अर्ब र निजी क्षेत्र तर्फको कर्जा रु.२८ खर्ब ६६ अर्ब पुगेको छ।*

## वास्तविक क्षेत्र

१. आर्थिक वर्ष २०७५/७६ मा आर्थिक वृद्धि ७.१ प्रतिशत रहेको अनुमान छ। कृषि क्षेत्रको वृद्धि ५.० प्रतिशत, उद्योग क्षेत्रको ८.२ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि ७.३ प्रतिशत रहेको अनुमान छ।

२. आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २७.० प्रतिशत, १५.२ प्रतिशत र ५७.८ प्रतिशत रहेको छ (तालिका १)।

३. आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको २०.५ प्रतिशत पुगेको छ। कुल पुँजी निर्माण, कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ६२.३ प्रतिशत, ३६.९ प्रतिशत र ५२.४ प्रतिशत रहेको छ।

४. आर्थिक वर्ष २०७५/७६ मा कुल पर्यटक आगमनमा २३.९ प्रतिशतले वृद्धि भई पर्यटक संख्या १२,३८,५८९ पुगेको छ।

**तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान**
(प्रतिशतमा)


| क्षेत्र | २०७३/७४ | २०७४/७५सं | २०७५/७६प्रा. |
|---|---|---|---|
| कृषि* | २९.७ | २८.१ | २७.० |
| उद्योग | १४.५ | १४.९ | १५.२ |
| सेवा | ५५.९ | ५७.० | ५७.८ |
| **यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | |
| **आर्थिक वृद्धिदर** | **८.२** | **६.७** | **७.१** |
| कृषि* | ५.२ | २.८ | ५.० |
| उद्योग | १२.४ | ९.६ | ८.२ |
| सेवा | ८.१ | ७.२ | ७.३ |

*कृषि, वन तथा मत्स्यपालन
प्रा. प्रारम्भिक अनुमान
सं. संशोधित अनुमान
*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

५. आर्थिक वर्ष २०७५/७६ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो मुद्रास्फीति ४.२ प्रतिशत रहेको थियो ।




### खाद्य तथा पेय पदार्थ मुद्रास्फीति

६. आर्थिक वर्ष २०७५/७६ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत मुद्रास्फीति ३.१ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति २.७ प्रतिशत रहेको थियो ।

### गैर-खाद्य तथा सेवा मुद्रास्फीति

७. आर्थिक वर्ष २०७५/७६ मा गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति ५.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति ५.३ प्रतिशत रहेको थियो ।

| तालिका २ : वार्षिक औषत मुद्रास्फीति | | |
|---|---|---|
| विवरण | प्रतिशत | |
| | २०७४/७५ | २०७५/७६ |
| **समग्र उपभोक्ता मुद्रास्फीति** | **४.२** | **४.६** |
| **खाद्य तथा पेय पदार्थ मुद्रास्फीति** | **२.७४** | **३.०९** |
| १. खाद्यान्न | २.४७ | ५.३४ |
| २. माछामासु | २.२२ | ४.४८ |
| ३. फलफूल | ३.७७ | ६.२१ |
| ४. घ्यू तथा तेल | २.४२ | ६.३४ |
| **गैर-खाद्य तथा सेवा मुद्रास्फीति** | **५.२६** | **५.८६** |
| १.घरायसी सेवा तथा उपयोगिता | ६.८२ | ७.६८ |
| २.लुगा तथा जुत्ता | ५.९४ | ६.७५ |
| ३.यातायात | १.९२ | ६.२६ |
| ४.फर्निचर तथा घरायसी उपकरण | ३.७४ | ५.७१ |

### क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

८. आर्थिक वर्ष २०७५/७६ मा उपभोक्ता मुद्रास्फीति पहाडमा ५.० प्रतिशत, हिमालमा ४.९ प्रतिशत, काठमाडौं उपत्यकामा ४.९ प्रतिशत र तराईमा ४.३ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो मुद्रास्फीति क्रमशः ४.६ प्रतिशत, ५.९ प्रतिशत, ३.३ प्रतिशत र ४.४ प्रतिशत रहेको थियो ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

९. २०७६ असारमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति नेपालमा ६.० प्रतिशत र सन् २०१९ को जुलाईमा भारतमा ३.१५ प्रतिशत रहेको छ ।

### थोक मुद्रास्फीति

१०. २०७६ असारमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ५.४ प्रतिशत रहेको छ । २०७५ असारमा यस्तो मुद्रास्फीति २.१ प्रतिशत रहेको थियो ।


### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

११. २०७६ असारमा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ९.१ प्रतिशतले वृद्धि भएको छ। २०७५ असारमा उक्त सूचकाङ्क ६.८ प्रतिशतले वृद्धि भएको थियो । तलब सूचकाङ्कको वृद्धिदर ६.६ प्रतिशत र ज्यालादर सूचकाङ्कको वृद्धिदर ९.८ प्रतिशत रहेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

१२. आर्थिक वर्ष २०७५/७६ मा कुल वस्तु निर्यात १९.४ प्रतिशतले वृद्धि भई रु.९७ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात ११.४ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ ३४.३ प्रतिशत र अन्य मुलुकतर्फ ०.२ प्रतिशतले निर्यात वृद्धि भएको छ । चीनतर्फको निर्यातमा १३.५ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा पाम आयल, पोलिष्टर यार्न, जुटका सामान, दाल, चाउचाउ लगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, तयारी पोशाक, पश्मिना, जुत्ता तथा चप्पल, छाला लगायतका वस्तुहरुको निर्यात घटेको छ ।




१३. आर्थिक वर्ष २०७५/७६ मा कुल वस्तु आयात १३.९ प्रतिशतले बढेर रु.१४१८ अर्ब ५४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात २५.८ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात १२.८ प्रतिशत, चीनबाट भएको आयात २८.५ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ८.९ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, तयारी पोशाक, विद्युतीय सामान,अन्य मेसिनरी पार्टपुर्जा, एम.एस. बिलेट लगायतका वस्तुको आयात बढेको छ भने सिमेन्ट, यातायातका साधन तथा पार्टपुर्जा, दूरसञ्चारका उपकरण तथा पार्टपुर्जा, स्वास्थ्य उपकरण तथा औजार, प्लाष्टिक दाना लगायतका वस्तुहरुको आयात घटेको छ ।

१४. भन्सार नाकाका आधारमा सुख्खा बन्दरगाह भन्सार कार्यालय र कृष्णनगर भन्सार कार्यालय वाहेक अन्य मुख्य भन्सार नाकाहरुबाट भएको निर्यातमा वृद्धि भएको छ । आयाततर्फ भने कृष्णनगर भन्सार कार्यालय वाहेक अन्य मुख्य भन्सार नाकाहरुबाट भएको आयातमा वृद्धि भएको छ ।

१५. आर्थिक वर्ष २०७५/७६ मा कुल वस्तु व्यापार घाटा १३.५ प्रतिशतले विस्तार भई रु.१३२१ अर्ब ४३ करोड पुगेको छ । व्यापार घाटाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३८.१ प्रतिशत रहेको छ । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ६.८ प्रतिशत छ । अघिल्लो वर्ष सो अनुपात ६.५ प्रतिशत रहेको थियो ।

### निर्यात आयात मूल्य सूचकाङ्क

१६. २०७६ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित वार्षिक बिन्दुगत आधारमा निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ०.८ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क २.३ प्रतिशतले घटेको छ । २०७५ असार महिनामा वार्षिक बिन्दुगत आधारमा २ प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) २०७६ असार महिनामा ३.२ प्रतिशतले बढेको छ ।

### सेवा

१७. आर्थिक वर्ष २०७५/७६ मा खुद सेवा आय रु.१६ अर्ब ५२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष खुद सेवा आय रु.२ अर्ब २७ करोडले बचतमा रहेको थियो ।

१८. आर्थिक वर्ष २०७५/७६ मा सेवा खाता अन्तर्गत भ्रमण आय ९.७ प्रतिशतले वृद्धि भई रु.७३ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय रु.६७ अर्ब ९ करोड रहेको थियो ।

१९. आर्थिक वर्ष २०७५/७६ मा सेवा खाता अन्तर्गत भ्रमण व्यय १२.५ प्रतिशतले वृद्धि भई रु.८९ अर्ब ५८ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको खर्च रु.४६ अर्ब ३२ करोड रहेको छ । अघिल्लो वर्ष भ्रमण व्यय रु.७९ अर्ब ६० करोड रहेको थियो ।

### ट्रान्सफर

२०. आर्थिक वर्ष २०७५/७६ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु.८७९ अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ८.६ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने विप्रेषण आप्रवाह ७.८ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १०.२ प्रतिशतले बढेको थियो ।

२१. आर्थिक वर्ष २०७५/७६ मा खुद ट्रान्सफर प्राप्ति १५ प्रतिशतले वृद्धि भई रु.९९४ अर्ब ७९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो प्राप्ति १.५ प्रतिशतले बढेको थियो ।

२२. अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) का आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या समीक्षा वर्षमा ३२.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो संख्या ९.३ प्रतिशतले घटेको थियो । पुनः श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या भने समीक्षा वर्षमा ५.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो संख्या ०.६ प्रतिशतले घटेको थियो ।

### चालु खाता एवम् शोधनान्तर स्थिति


२३. आर्थिक वर्ष २०७५/७६ मा चालु खाता रु.२६५ अर्ब ३७ करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष यस्तो घाटा रु.२४७ अर्ब ५७ करोड रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब ३७ करोडले चालु खाता घाटामा रहेकोमा समीक्षा वर्षमा २ अर्ब ३५ करोडले घाटामा रहेको छ।

२४. आर्थिक वर्ष २०७५/७६ मा शोधनान्तर स्थिति रु.६७ अर्ब ४० करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.९६ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा शोधनान्तर स्थिति अघिल्लो वर्ष ११ लाखले घाटामा रहेकोमा समीक्षा वर्षमा ५९ करोड १० लाखले घाटामा रहेको छ ।

२५. आर्थिक वर्ष २०७५/७६ मा पुँजीगत ट्रान्सफर रु.१५ अर्ब ४६ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१३ अर्ब ७ करोड रहेको छ । अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु.१७ अर्ब ७२ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु.१७ अर्ब ५१ करोड रहेको थियो ।

### विदेशी विनिमय सञ्चिति

२६. कुल विदेशी विनिमय सञ्चिति २०७५ असार मसान्तमा रु.११०२ अर्ब ५९ करोड रहेकोमा २०७६ असार मसान्तमा रु.१०३८ अर्ब ९२ करोड रहेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७५ असार मसान्तमा १० अर्ब ८ करोड रहेकोमा २०७६ असार मसान्तमा ९ अर्ब ५० करोड रहेको छ ।



चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (असार मसान्त)

२७. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७५ असार मसान्तमा रु.९८९ अर्ब ४० करोड रहेकोमा २०७६ असार मसान्तमा रु.९०२ अर्ब ४४ करोड रहेको छ । बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७५ असार मसान्तमा रु.११३ अर्ब १९ करोड रहेकोमा २०७६ असार मसान्तमा रु.१३६ अर्ब ४७ करोड पुगेको छ । २०७६ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.६ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचकहरू

२८. आर्थिक वर्ष २०७५/७६ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ८.९ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा वर्षमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः

३०.० प्रतिशत, ६४.९ प्रतिशत र २९.० प्रतिशत रहेका छन् । २०७५ असार मसान्तमा यी अनुपातहरू क्रमशः ३६.४ प्रतिशत, ७८.६ प्रतिशत र ३५.६ प्रतिशत रहेका थिए ।

### वाह्य लगानी स्थिति

२९. २०७६ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.१०८० अर्ब १० करोड तथा दायित्व रु.९२१ अर्ब ९४ करोड रहेको छ । फलस्वरुप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति ९क्षक्षए० रु.१५८ अर्ब १६ करोड रहेको छ । २०७५ असार मसान्तमा यस्तो रकम रु.२८२ अर्ब १२ करोड रहेको थियो ।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३०. २०७५ असार मसान्तमा अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Brent Crude Oil) को मूल्य प्रति ब्यारल अमेरिकी डलर ७१.०३ रहेकोमा २०७६ असार मसान्तमा ७.३ प्रतिशतले कमी आई प्रति ब्यारल अमेरिकी डलर ६५.८७ हुन आएको छ । त्यसैगरी, २०७५ असार मसान्तमा सुनको मूल्य प्रति आउन्स अमेरिकी डलर १२४१.१० रहेकोमा २०७६ असार मसान्तमा १३.६ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १४०९.८५ कायम भएको छ ।

### विनिमय दर

३१. २०७५ असार मसान्तको तुलनामा २०७६ असार मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.०२ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्ष नेपाली रुपैयाँ ५.९ प्रतिशतले अवमूल्यन भएको थियो । २०७६ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१०९.३६ पुगेको छ । २०७५ असोज २४ गते अमेरिकी डलर एकको (अधिकतम) खरिद विनिमय दर रु.११८.७३ पुगेको थियो । २०७५ असार मसान्तमा उक्त विनिमय दर रु.१०९.३४ रहेको थियो ।

## सरकारी वित्त स्थिति*

### सरकारी खर्च तथा राजस्व

३२. आर्थिक वर्ष २०७५/७६ मा बैंकिङ्ग कारोबारमा आधारित सरकारको कुल खर्च रु.१०६७ अर्ब ६७ करोड पुगेको छ ।** अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु.१०६६ अर्ब १८ करोड रहेको थियो ।

३३. आर्थिक वर्ष २०७५/७६ मा राजस्व परिचालन (प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने रकम समेत) रु.८६५ अर्ब ५५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारको कुल राजस्व संकलन रु.७२६ अर्ब ७२ करोड रहेको थियो ।

### ऋण परिचालन

३४. आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारले कुल आन्तरिक ऋण रु.९६ अर्ब ३८ करोड परिचालन गरेको छ भने रु.३४ अर्ब ३१ करोड भुक्तानी गरेको छ । यस अवधिमा नेपाल सरकारले रु.६२ अर्ब ७ करोड खुद आन्तरिक ऋण परिचालन गरेको छ । उक्त रकम कुल गार्हस्थ्य उत्पादनको १.८ प्रतिशत हुन आउँछ ।

---


*नेपाल राष्ट्र बैंकको बैंकिङ्ग कार्यालय, सरकारी कारोबार गर्ने वाणिज्य बैंकहरु तथा जिल्लास्थित ८१ वटै कोष तथा लेखा नियन्त्रक कार्यालयहरू र भुक्तानी केन्द्रहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

**२०७६ भाद्र १६ गते प्राप्त पछिल्लो अद्यावधिक तथ्यांक अनुसार ।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

३५. आर्थिक वर्ष २०७५/७६ मा विस्तृत मुद्राप्रदाय १५.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो मुद्राप्रदाय १९.४ प्रतिशतले बढेको थियो ।




३६. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.६७ अर्ब ४० करोड (६.४ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्ष उक्त सम्पत्ति रु. ९६ करोड (०.१ प्रतिशत) ले बढेको थियो ।

३७. समीक्षा वर्षमा सञ्चित मुद्रा १.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो मुद्रा ८.१ प्रतिशतले बढेको थियो ।

### कुल आन्तरिक कर्जा

३८. आर्थिक वर्ष २०७५/७६ मा कुल आन्तरिक कर्जा २१.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा २६.५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १९.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो दावी २२.३ प्रतिशतले बढेको थियो ।

### निक्षेप संकलन

३९. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो निक्षेप १९.२ प्रतिशतले बढेको थियो । २०७६ असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ९.७ प्रतिशत, ३२.८ प्रतिशत र ४६.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ९.३ प्रतिशत, ३४.५ प्रतिशत र ४४.८ प्रतिशत रहेको थियो ।


**तालिका ३ : बैंक तथा बित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | | | |
|---|---|---|---|---|---|
| | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
| चल्ती | ९.४ | ९.१ | ८.७ | ९.३ | ९.७ |
| बचत | ४२.२ | ४३.३ | ३५.४ | ३४.५ | ३२.८ |
| मुद्दती | ३०.२ | ३०.५ | ४३.२ | ४४.८ | ४६.३ |
| अन्य | १८.२ | १७.१ | १२.७ | ११.३ | ११.२ |

४०. २०७६ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४५.३ प्रतिशत रहेको छ । २०७५ असार मसान्तमा यस्तो निक्षेपको अंश ४५ प्रतिशत रहेको थियो ।

### कर्जा प्रवाह

४१. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १९.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २२.५ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १७.५ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह ३५.७ प्रतिशतले र वित्त कम्पनीहरुको कर्जा प्रवाह १७.९ प्रतिशतले बढेको छ ।




४२. २०७६ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६४.४ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३.५ प्रतिशत कर्जा चालु सम्पत्ति ( कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७५ असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६१.७ प्रतिशत र १४.४ प्रतिशत रहेको थियो ।

४३. आर्थिक वर्ष २०७५/७६ मा बैंक तथा वित्तीय संस्थाहरुको कृषि क्षेत्रतर्फको कर्जा ४२.५ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा २०.३ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा २२.२ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ३२.८ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १५.७ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा २४.३ प्रतिशतले बढेको छ।

४४. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा ३२.८ प्रतिशतले, ओभरड्राफ्ट कर्जा १०.९ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ११.७ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा २३.६ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) १२ प्रतिशतले, मार्जिन प्रकृतिको कर्जा १०.५ प्रतिशतले र हायर पर्चेज कर्जा ५.८ प्रतिशतले बढेको छ।

**तरलता व्यवस्थापन**

४५. आर्थिक वर्ष २०७५/७६ मा खुला बजार कारोबारका विभिन्न उपकरणहरुमार्फत् पटक-पटक गरी कुल रु.१०० अर्ब ३५ करोड तरलता प्रशोचन गरिएको छ। यस अनुसार निक्षेप संकलन बोलकबोलमार्फत् रु.७९ अर्ब ६५ करोड र रिभर्स रिपोमार्फत् रु.२० अर्ब ७० करोड तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा रु.१९५ अर्ब तरलता प्रशोचन भएको थियो।

४६. आर्थिक वर्ष २०७५/७६ कुल रु.३२२ अर्ब ४९ करोड तरलता प्रवाह भएको छ। यस अर्न्तगत रिपोमार्फत रु.१६८ अर्ब १६ करोड र स्थायी तरलता सुविधामार्फत रु.१५४ अर्ब ३३ करोड प्रवाह भएको छ।

४७. समीक्षा वर्षमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३ अर्ब १९ करोड खूद खरिद गरी रु.३६० अर्ब ९१ करोड खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४ अर्ब ५ करोड खुद खरिद गरी रु.४२२ अर्ब ३४ करोड खुद तरलता प्रवाह गरिएको थियो।

४८. समीक्षा वर्षमा अमेरिकी डलर ४ अर्ब २४ करोड लगायत अन्य परिवर्त्य विदेशी मुद्रा बिक्री गरी रु.५१६ अर्ब ९७ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ। अघिल्लो वर्ष यो प्रक्रियाबाट रु.५२२ अर्ब ३ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो।

**पुनरकर्जा**

४९. उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा वर्षमा बढेको छ। २०७६ असार मसान्तसम्ममा यस बैंकको रु.२२ अर्ब ४१ करोड पुनरकर्जा लगानीमा रहेको छ। यस अन्तर्गत साधारण पुनरकर्जा रु. १९ अर्ब ३१ करोड र निर्यात पुनरकर्जा रु.८६ करोड ६१ लाख उपयोग भएको छ।

५०. भूकम्प पीडितहरुलाई आवासीय घर निर्माणको लागि सहुलियतपूर्ण कर्जा प्रदान गर्न यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइएको पुनरकर्जाको बक्यौता २०७६ असार मसान्तमा रु.२ अर्ब २१ करोड रहेको छ। यस्तो कर्जा १५७८ जना ऋणीले उपयोग गरेका छन्।

५१. २०७६ असार मसान्तसम्ममा "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रवाह गरिएको कर्जामध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत १७,२०३ जना ऋणीको रु.३२ अर्ब १९ करोड कर्जा बक्यौता रहेको छ। त्यसैगरी, सो कार्यविधिमा व्यवस्था भएका अन्य क्षेत्रतर्फ १०९२ ऋणीलाई रु.६३ करोड २० लाख कर्जा प्रवाह भएको छ। नेपाल सरकारले सहुलियतपूर्ण कर्जाका लागि कुल रु.१ अर्ब २५ करोड ब्याज अनुदान प्रदान गरेको छ।

**अन्तर-बैंक कारोबार**

५२. आर्थिक वर्ष २०७५/७६ मा वाणिज्य बैंकहरुले रु.१७७५ अर्ब ११ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु.२०९ अर्ब ५५ करोडको अन्तर-बैंक कारोबार गरेका छन्। अघिल्लो वर्ष वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु.११६१ अर्ब ३१ करोड र रु.४९ अर्ब ४३ करोड कारोबार गरेका थिए।

**ब्याजदर**

५३. २०७५ असारमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ३.७४ प्रतिशत रहेकोमा २०७६ असारमा ४.९७ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७५ असारको २.९६ प्रतिशतको तुलनामा २०७६ असारमा ४.५२ प्रतिशत कायम भएको छ ।

५४. वाणिज्य बैंकहरुको औसत आधार दर २०७५ असारको १०.४७ प्रतिशतको तुलनामा २०७६ असारमा ९.५७ प्रतिशत कायम भएको छ । २०७६ असारमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ६.६० प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.१३ प्रतिशत रहेको छ । २०७५ असारमा यी दरहरु क्रमशः ६.४९ प्रतिशत र १२.४७ प्रतिशत रहेका थिए ।

**मर्जर/प्राप्ति**

५५. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराए पश्चात् २०७६ असार मसान्तसम्म कुल १७१ वटा बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भईसकेका छन् । यसमध्ये १२८ वटा संस्थाहरुको इजाजत खारेज हुन गई कुल ४३ संस्था कायम भएका छन् ।

**वित्तीय पहुँच**

५६. कुल ७५३ स्थानीय तहमध्ये २०७६ असारसम्म ७३५ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएको छ (तालिका ४) ।

५७. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७५ असार मसान्तमा १५१ रहेकोमा २०७६ असार मसान्तमा १७१ पुगेको छ (तालिका ५) । यस अनुसार २०७६ असार मसान्तमा २८ वाणिज्य बैंक, २९ विकास बैंक, २३ वित्त कम्पनी, ९० लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक संचालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७५ असार मसान्तमा ६६५१ रहेकोमा २०७६ असार मसान्तमा ८६८६ पुगेको छ ।

**तालिका ४: स्थानीय तहमा वाणिज्य बैंकहरुको उपस्थिति**

| प्रदेश | स्थानीय तहको संख्या | वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तह | | |
|---|---|---|---|---|
| | | २०७५ असार | २०७६ असार | परिवर्तन |
| प्रदेश १ | १३७ | ११२ | १३६ | २४ |
| प्रदेश २ | १३६ | १२२ | १३४ | १२ |
| प्रदेश ३ | ११९ | १०७ | ११७ | १० |
| गण्डकी | ८५ | ७४ | ८४ | १० |
| प्रदेश ५ | १०९ | ९९ | १०९ | १० |
| कर्णाली | ७९ | ५४ | ७३ | १९ |
| सुदूर पश्चिम | ८८ | ६३ | ८२ | १९ |
| **कुल** | **७५३** | **६३१** | **७३५** | **१०४** |

**तालिका ५: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | |
|---|---|---|---|---|
| | २०७५ असार मसान्त | २०७६ असार मसान्त | २०७५ असार मसान्त | २०७६ असार मसान्त |
| वाणिज्य बैंक | २८ | २८ | ३०२३ | ३५८५ |
| विकास बैंक | ३३ | २९ | ९९३ | १२६७ |
| वित्त कम्पनी | २५ | २३ | १८६ | २०५ |
| लघुवित्त वित्तीय संस्था | ६५ | ९० | २४४९ | ३६२९ |
| पूर्वाधार विकास बैंक | – | १ | – | – |
| **जम्मा** | **१५१** | **१७१** | **६६५१** | **८६८६** |

*यस सम्बन्धी विस्तृत विवरण http://emap.nrb.org.np/मा उपलब्ध छ ।

**निक्षेप तथा कर्जा सुरक्षण**

५८. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७६ असार मसान्तसम्ममा ८५ बैंक तथा वित्तीय संस्थाहरुमा २ करोड २१ लाख प्राकृतिक व्यक्तिको नाममा रहेको बचत, चल्ती, कल तथा मुद्दती निक्षेप रकम रु.६०३ अर्ब ३८ करोड बराबरको निक्षेप सुरक्षण गरेको छ । २०७५ असार मसान्तमा १ करोड ९३ लाख निक्षेपकर्ताहरुको रु. ४३० अर्ब ७४ करोड बराबरको निक्षेप सुरक्षण गरिएको थियो ।

५९. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७६ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुको रु.२५ अर्ब ६६ करोड बराबरको लघु तथा विपन्न वर्ग कर्जा, साना तथा मझौला उद्योग कर्जा र कृषि कर्जा सुरक्षण गरेको छ । २०७५ असारमसान्तमा रु.१४ अर्ब ३५ करोड बराबरको यस्तो कर्जा सुरक्षण गरिएको थियो ।

**ऋण खाता र कालोसूचीमा परेका ऋणी संख्या**

६०. २०७६ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाका ऋण खाता संख्या १४ लाख ३९ हजार ६४८ पुगेको छ (तालिका ६) । आर्थिक वर्ष २०७५/७६ मा २ हजार ८४२ ऋणीहरु कालोसूचीमा परेका तथा ६२८ ऋणीहरु कालोसूचीबाट हटेका छन् । २०७६ असार मसान्तसम्ममा कालोसूचीमा रहेका ऋणीको संख्या ८ हजार ६२० रहेको छ (तालिका ६) ।


**तालिका ६: ऋण खाता संख्या तथा कालोसूचीमा परेका ऋणीको संख्या**

| आर्थिक वर्ष | ऋण खाता संख्या | कालोसूचीमा परेका ऋणीको संख्या | कालोसूचीबाट हटेका ऋणीको संख्या |
|---|---|---|---|
| २०७१/७२ | १०,३३,३८४ | ९३० | २७९ |
| २०७२/७३ | १०,९६,५७० | ८३३ | ३०८ |
| २०७३/७४ | १२,१६,०९१ | ८३४ | ३७२ |
| २०७४/७५ | १३,०१,०१० | १,३३५ | ३४१ |
| २०७५/७६ | १४,३९,६४८ | २,८४२ | ६२८ |

## पुँजी बजार

६१. २०७५ असार मसान्तमा १२१२.४ विन्दुमा रहेको नेप्से सूचकाङ्क ३.८ प्रतिशतले बृद्धि भई २०७६ असार मसान्तमा १२५९.० विन्दु कायम भएको छ ।

**चार्ट ६: नेप्से परिसूचक**




६२. धितोपत्र बजार पुँजीकरण ९.२ प्रतिशतले बृद्धि भई २०७६ असार मसान्तमा रु.१५६७ अर्ब ५० करोड कायम भएको छ । बजार पुँजीकरण वार्षिक विन्दुगत आधारमा २०७५ असार मसान्तमा २२.७ प्रतिशतले ह्रास भई रु. १४३५ अर्ब १४ करोड रहेको थियो । यस अनुसार कुल गार्हस्थ्य उत्पादनसँग बजार पुँजीकरणको अनुपात ४५.२ प्रतिशत हुने देखिन्छ । अघिल्लो वर्ष यस्तो अनुपात ४७.३ प्रतिशत रहेको थियो ।

६३. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७६ असार मसान्तमा २१५ रहेको छ । सूचीकृत कम्पनीहरूमध्ये १५४ वटा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने १९ वटा उत्पादन र प्रशोधन उद्योग, ३० वटा जलविद्युत् कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र ४ वटा अन्य समूहका रहेका छन् ।

६४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत शेयरहरूको चुक्ता मूल्य २०७६ असार मसान्तमा रु.४१२ अर्ब २८ करोड पुगेको छ । आर्थिक वर्ष २०७५/७६ मा रु.२७ अर्ब २० करोड बराबरको साधारण शेयर रु. १० अर्ब ८१ करोड बराबरको हकप्रद शेयर, रु.२२ अर्ब ५८ करोड बराबरको बोनस शेयर र रु ८५ करोड १७ लाख बराबरको डिबेन्चर गरी कुल रु.६१ अर्ब ४५ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६५. आर्थिक वर्ष २०७५/७६ मा नेपाल धितोपत्र बोर्डले रु.२५ अर्ब ५८ करोड बराबरको डिबेञ्चर निश्कासनको अनुमति प्रदान गरेको छ ।